नेपाल सरकार (मा.मन्त्रीस्तर) मिति २०७५/०८/२० को निर्णयानुसार

# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
# वनस्पति विभाग
# सिलवन्दी सम्बन्धी कार्यविधि निर्देशिका, २०७५

**प्रस्तावना :**
वनस्पति विभाग अन्तर्गत संचालित प्रयोगशालाहरुमा परिक्षण, पहिचान एवं विश्लेषण गर्ने प्रयोजनका लागि प्राप्त परिमाणबाट आवश्यक नमुना संकलन गरी मौज्दात परिमाणलाई थपघट, मिसावट वा अन्य कुनै प्रकारको कार्यबाट सुरक्षित राख्नको लागि आधिकारिक सिल लगाई सिलबन्दी गर्न र सो कार्यलाई थप व्यवस्थित गर्नुपर्ने भएकोले यो कार्यविधि निर्देशिका लागू गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस कार्यविधि निर्देशिकाको नाम वनस्पति विभागको सिलबन्दी सम्बन्धि कार्यविधि निर्देशिका, २०७५ रहने छ ।
(२) यो कार्यविधि निर्देशिका वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि निर्देशिकामा
(क) "कार्यविधि निर्देशिका" भन्नाले सिलबन्दी सम्वन्धि कार्यविधि निर्देशिका २०७५ लाई सम्झनु पदर्छ ।
(ख) "विभाग" भन्नाले वनस्पति विभागलाई सम्झनु पर्दछ ।
(ग) "प्रयोगशाला" भन्नाले वनस्पति विभाग र अन्तर्गतका प्रयोगशालाहरुलाई सम्झनु पर्दछ ।
(घ) "विभागीय प्रमुख" भन्नाले विभागको महानिर्देशकलाई सम्झनु पदर्छ ।
(ङ) "कार्यालय प्रमुख" भन्नाले विभाग अर्न्तगतका कार्यालय प्रमुखलाई सम्झनु पदर्छ ।
(च) "सिल" भन्नाले सिलबन्दी प्रयोजनका लागि प्रयोग हुने DPR/NPRL 1 उल्लिेखित सिललाई सम्झनु पदर्छ ।
(छ) "सिलबन्दी" भन्नाले प्रयोगशालामा परिक्षण, पहिचान एवं विश्लेषण गर्ने प्रयोजनका लागि प्राप्त नमूनाबाट आवश्यक परिमाण संकलन गर्ने र मौज्दात परिमाणलाई थपघट, मिसावट वा अन्य कुनै प्रकारको कार्यबाट सुरक्षित राख्नका लागि फलामको तारले बाँधेर सिल लगाउने प्रक्रियालाई सम्झनु पदर्छ ।
ज) "सरोकारवाला" भन्नाले प्रयोगशाला सेवा प्राप्त गर्ने व्यक्ति, संघ, संस्था वा  अन्य सेवाग्राहीलाई सम्झनु पदर्छ ।
(झ) "नमुना" भन्नाले बैज्ञानिक परिक्षण, पहिचान एवं विश्लेषणका लागि प्राप्त वनस्पतिको हर्वेरियम वा कच्चा पदार्थ वा सुगन्धित तेल वा अन्य वनस्पतिजन्य प्रशोधित पदार्थको अंश सम्झनु पर्दछ ।
(ञ) "कार्यालय" भन्नाले वनस्पति विभाग अन्तर्गतका कार्यालयहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सिलबन्दी प्रक्रिया र जिम्मेवारी

**३.नमुना संकलन :**

(क) वनस्पतिजन्य पदार्थ, सारतत्व एवं सुगन्धित तेलको ठूलो परिमाण (Bulk Volume) बाट नमूना संकलन गर्दा प्रमुखले तोकेको अधिकृत कर्मचारीले वा निजको प्रत्यक्ष निगरानीमा नमुना संकलन गर्नु पर्दछ ।

(ख) नमुना संकलन ISO Guidelines तथा उपयुक्त विधि बमोजिम गरिनेछ । तरल पदार्थको नमुना संकलन सम्बन्धि थप व्यवस्था अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(ग) परिक्षण, पहिचान एवं विश्लेषणको लागि नमुना संकलन गर्दा सेवाग्राहीले माग गरे अनुरुपका परिक्षणहरु कम्तिमा दुई पटक परिक्षण गर्न आवश्यक परिमाण लिइनेछ ।

(घ) नमुना संकलन तथा सोको व्यवस्थापन गर्ने कर्मचारीले व्यक्तिगत सुरक्षाका आवश्यक उपायहरु अवलम्वन गर्नुपर्नेछ र कार्यालयले सोको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

**४.सिलबन्दी गर्नुपर्ने :**

(क) परिक्षण, पहिचान एवं विश्लेषणको लागि नमुना संकलन पश्चात नमुना संकलन गर्ने टोलिले पदार्थ राखिएको भाडाँमा सिल लगाउनु पर्नेछ ।

(ख) सिलबन्दी गर्दा पदार्थ नचुहिने र खोल्न नमिल्ने गरी प्रत्येक भाडो/बट्टामा लगाउनु पर्दछ ।

(ग) सिलबन्दी गर्ने भाडा ओसार पसार गर्दा नफुट्ने र नबिग्रने किसिमको हुनुपर्दछ ।

(घ) सिलबन्दी तथा सिलको ढाँचा तोके बमोजिमको हुनेछ ।

**५.मुचुल्का :**

(क) सिलबन्दी पश्चात विभाग/कार्यालयले अधिकृत स्तरको कर्मचारी अथवा निजको रोहवरमा २ प्रति मुचुल्का तयार गरी दुवै पक्षले हस्ताक्षर गर्नुपर्नेछ ।

(ख) मुचुल्कामा नमुनाको प्रकार, संख्या, तथा सिलबन्दीको अवस्थाका बारेमा विवरण अनिवार्य भरेको हुनुपर्नेछ ।

(ग) मुचुल्कामा भाँडा/बट्टाको संख्या र नमुना स्पेसिमेन भएमा सोको संख्या समेत खुलाउनु पर्दछ ।

(घ) सिलबन्दीको मुचुल्काको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

**६.कार्यालय परिसर बाहिरको सेवा प्रवाह :**

(क) सिलबन्दी गर्न पर्ने पदार्थको मात्रा धेरै भएमा कुनै सेवाग्राहीले तोकेको कुनै स्थानमा गई सिलबन्दी तथा नमुना संकलनको सेवा प्रवाहका लागि विभाग/कार्यालयमा अनुरोध गर्न सक्नेछन् ।

(ख) कार्यालय परिसर बाहिरका स्थानमा गई सेवा प्रवाह गर्नुपर्ने भएमा प्रमुखले सेवाग्राहीको माग अनुरुपको स्थानमा गई नमुना संकलन गरी सिलबन्दी गर्न कर्मचारी खटाउन सक्नेछन् ।

(ग) सिलबन्दी गर्न खटिएका कर्मचारीले कार्य सम्पादन गरेर मुचुल्का सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

**७.रोहवर तथा प्रतिनिधिः**

सिलबन्दी तथा मुचुल्का तयार गर्दा कार्यालयका कर्मचारीको अतिरिक्त सरोकारवाल वा निजको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

## परिच्छेद-३
## विविध

**८. यस कार्यविधि निर्देशिकामा उल्लेख नभएका विषयहरु :**

यस कार्यविधि निर्देशिकामा उल्लेख नभएका विषयहरुको हकमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र विभागबाट स्वीकृत कार्यविधि निर्देशिका एवं विभिन्न समयमा जारी गरिएका परिपत्रहरु, विभागका क्वालिटि मेनुवल (Quality Manual), क्वालिटि सिस्टम प्रोसिडियर (Quality System Procedure) तथा तोके बमोजिम अन्य प्रचलित विधि अनुसार हुनेछ ।

**९.अधिकार प्रत्यायोजन :**

विभागले माथिका काम कारवाहीहरु मध्ये आवश्यकता अनुसार मातहतका कार्यालय तथा निकायहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**१०.खारेजी :**

यस कार्यालयमा रहेका पुरानो परम्परा अनुसार सिलबन्दीका सम्पूर्ण कार्यविधि खारेज गरिएको छ ।

**अनुसुची १**
**(दफा ३ “ख” संग सम्बन्धित)**
# तरल पदार्थको नमुना लिने (Sampling) प्रक्रिया

१. ठूलो क्षमताका भाँडाहरुबाट (ट्याङ्की, ट्याङ्कर, ग्यालेन आदि) प्रत्येक भाँडोमा पहिले देहाय बमोजिमको गहिराईबाट पाँच वटा नमुनाहरु लिनुपर्नेछ ।

क) १०% गहिराईबाट

ख) एक तिहाई गहिराईबाट

ग) आधा (५०%) गहिराईबाट

घ) दुई तिहाई गहिराईबाट

ङ) ९०% गहिराईबाट

उल्लेखित प्रक्रियाबाट पाँच नमुनाहरु लिएपछि नमुनाहरु एकै ठाउँमा राम्रोसंग मिलाई त्यसबाट तीन नमुनाहरु लिनुपर्नेछ ।

२. मझौला तथा सानो क्षमताका भाँडा (ड्रम, जग, फ्लास्क आदि) बाट देहायको तालिम बमोजिम नमुना लिनुपर्नेछ ।

| क. सं. | भाँडोको संख्या | नमुना लिनुपर्ने न्यूनतम भाँडोहरु |
|---|---|---|
| १ | १-३ | १ |
| २ | ४-२० | ३ |
| ३ | २१-६० | ४ |
| ४ | ६१-८० | ५ |
| ५ | ८१-१२० | ६ |
| ६ | १२० भन्दा माथि | प्रत्येक २० भाँडोबाट एउटा |

.
उल्लेखित प्रक्रियाबाट एक भन्दा बढि नमुनाहरु लिइएको खण्डमा सबै नमुनाहरुलाई एकै ठाँउमा राम्रोसंग मिसाई त्यसबाट तीन नमुनाहरु लिनुपर्नेछ ।

**अनुसुची २**

## नमुना संकलन तथा सिलबन्दीको मुचुल्का

मिति........................................... मा विभाग/कार्यालयद्वारा ............................वनस्पतिय पदार्थ/सुगन्धित तेल/हर्वेरियम/जडिबुटी/अन्यको विभाग र सेवाग्राहीको रोहवरमा नमुना संकलन तथा सिलबन्दी गरीएको छ ।

**<u>विवरणहरु भर्ने</u>**

क) नमुनाको प्रकार (हर्वेरियम/कच्चा पदार्थ/सुगन्धित तेल/अन्य वनस्पति जन्य प्रशोधित पदार्थहरुको अंश)

ख) पदार्थ राखेको भाडा प्रकारः (ड्रम, जग, फ्लास्क, बोटल अन्य):............................

ग) पदार्थ राखेको भाडाको संख्याः......................................................................

घ) लिइएको नमुना संख्याः...........................................................................

ङ) सिलबन्दीको विवरणः...............................................................................

च) प्रति भाडा सिलको संख्याः.......................................................................

सेवाग्राहीको तर्फबाट

१)

२)

कार्यालयको तर्फबाट

१)

२)